# नेपाल स्टक एक्सचेन्ज लिमिटेड
# राधी विद्युत कम्पनी लिमिटेड
# वीच भएको
# धितोपत्र सूचिकरण सम्झौता पत्र

कम्पनी ऐन, २०६३ अर्न्तगत मिति २०६२ जेठ ५ मा स्थापना भई काठमाडौं जिल्ला का.म.न.पा.वडा.नं. ११, त्रिपुरेश्वरमा रजिष्टर्ड कार्यालय रहेको राधी विद्युत कम्पनी लिमिटेडले (यस पछि यस लिखतमा "संगठित संस्था" भनिएको) आफूले निष्काशन एंव बाँडफाँड गरेको प्रति साधारण शेयर अंकित मूल्य रु.१००।- र चुक्ता मूल्य रु.१००।- भएको **४१,००,०००** कित्ता साधारण शेयर (धितोपत्र) सूचिकरणको निमित्त मिति २०७४/११/२२ मा नेपाल स्टक एक्सचेन्ज लिमिटेड (यसपछि यस लिखितमा "स्टक एक्सचेन्ज" भनिएको) मा निवेदन दिएकोमा स्टक एक्सचेन्जले उक्त निवेदन उपर आवश्यक जांचबुझ गरी निम्न लिखित शर्त वन्देजका अधिनमा रही **४१,००,०००** कित्ता (धितोपत्र) सूचिकरण गर्न गराउन दुवै पक्ष मन्जूर भएकोले आज मिति २०७४/१२/०४ का दिन यो सम्झौता गरेका छौं ।

## शर्तहरु

१. संगठित संस्थाले जारी गरेको अंकित मूल्य रु.१००।- चुक्ता मूल्य रु.१००।- भएको **४१,००,०००** कित्ता साधारण शेयर (धितोपत्र) धितोपत्र सम्वन्धी ऐन, २०६३, धितोपत्र कारोवार नियमावली, २०५० र धितोपत्र सूचिकरण विनियमावली, २०५३ को अधिनमा रही कारोवार गर्नको लागि स्टक एक्सचेन्जमा उपलब्ध सेवा र सुविधा प्रदान गर्न स्टक एक्सचेन्ज मन्जूर गर्दछ ।

२. स्टक एक्सचेन्जमा कारोबार भएको संगठित संस्थाको धितोपत्रको कारोबारहरु सम्बन्धी प्रमाणिक विवरणहरु संगठित संस्थाले माग गरेमा उपलब्ध गराउन स्टक एक्सचेन्ज मन्जूर गर्दछ ।

३. संगठित संस्थाले स्टक एक्सचेन्जमा पठाएको सूचना र विवरणहरु सार्वजनिक रुपमा जानकारी गराउन स्टक एक्सचेन्ज मन्जूर गर्दछ ।

४. संगठित संस्थाको प्रबन्धपत्र वा नियमावली संशोधन गर्ने संवन्धमा संचालक समितिले निर्णय गरेमा सो सम्बन्धी प्रस्ताव निर्णय भएको भोलिपल्ट स्टक एक्सचेन्जमा पठाउन संगठित संस्था मन्जूर गर्दछ ।

५. संगठित संस्थाले अन्तरिम लाभांश बितरण गर्ने निर्णय भएमा निर्णय हुंदाको समयमा कायम रहेका शेयरवालालाई मात्र त्यस्तो लाभांश वितरण गर्न संगठित संस्था मन्जूर गर्दछ ।

स्पष्टिकरण: यस दफाको प्रयोजनको लागि "निर्णय हुंदाको समयमा कायम रहेको शेयरवाला" भन्नाले शेयर दर्ता कितावमा दर्ता भएका शेयरवाला र यस्तो निर्णय हुनु भन्दा अगाडि स्टक एक्सचेन्जमा शेयर खरीद गरेको तर दर्ता किताबमा दर्ता हुन वांकी रहेका व्यक्तिहरुलाई संझनु पर्दछ ।

राधी विद्युत कम्पनी लिमिटेड ESTD. 2062 RADHI BIDYUT COMPANY LIMITED

काठमाडौं २०५०

६. अन्तरिम लाभांश वितरण गर्ने निर्णय भएमा त्यस्तो निर्णयको जानकारी संभव भएसम्म तुरुन्त फ्याक्सद्धारा स्टक एक्सचेन्जलाई सोही दिन वा भोली पल्टसम्म लिखित रुपमा स्टक एक्सचेन्जमा पठाउन संगठित संस्था मन्जूर गर्दछ ।

७. अन्तिम लाभांश वा वोनस शेयर वा हकप्रद शेयर जारी गर्ने संवन्धमा संचालक समितिले निर्णय गरेमा त्यस्तो निर्णयको जानकारी संभव भएसम्म तुरुन्त फ्याक्सवाट स्टक एक्सचेन्जलाई दिन र सोही दिन वा भोलिपल्ट कारोवार शुरु हुनु भन्दा अगाडिसम्ममा लिखित रुपमा स्टक एक्सचेन्जमा पठाउन संगठित संस्था मन्जूर गर्दछ ।

७ (क) वोनस शेयर वा हकप्रद शेयर जारी भएकोमा सोको बाँडफाँड भै शेयर प्रमाणपत्र वितरण हुने सूचना प्रकाशित गरेको १५ दिनभित्र यस्तो शेयर सूचिकरणका लागि स्टक एक्सचेन्जमा निवेदन दिन संगठित संस्था मन्जूर गर्दछ ।

८. शेयर मूल्यमा प्रत्यक्ष प्रभाव पर्ने संगठित संस्थासंग सम्वन्धित कुनै पनि सूचना वा जानकारी स्टक एक्सचेन्जलाई तुरुन्त दिन संगठित संस्था मन्जूर गर्दछ ।

९. संगठित संस्थाले आफ्नो नियमित कारोवारको क्रममा बाहेक अन्य कुनै चल अचल सम्पत्ति खरीद बिक्री गरेको वा गर्ने योजना गरेको भएमा त्यसवाट संगठित संस्थाको कारोवार तथा प्रतिफलमा पर्ने असर बारे तुरुन्त शेयरवालाहरुलाई र स्टक एक्सचेन्जलाई जानकारी दिन संगठित संस्था मन्जूर गर्दछ ।

१०. धितोपत्र दर्ता किताब वन्द गर्नुपर्ने भएमा बन्द हुने अवधि र सोको कारण सहित वन्द हुने अवधि भन्दा कम्तिमा एक्काईस दिन अगाडि स्टक एक्सचेन्जलाई जानकारी दिन संगठित संस्था मन्जूर गर्दछ ।

११. संगठित संस्थाले आफूले सूचिकरण गराएको धितोपत्रको मूल्य वा कारोबार वा संगठित संस्थाको हक वा दायित्वमा असर पर्ने गरी सम्पत्तिमा थपघट भएमा वा व्यवस्थापन सम्बन्धी कुनै संझौता वा करार गरेमा सोको जानकारी सोही दिन वा भोलीपल्ट सम्ममा स्टक एक्सचेन्जलाई दिन संगठित संस्था मन्जूर गर्दछ ।

१२. संगठित संस्थाले बोलाएको साधारण सभा कुनै कारणवश हुन नसकी अर्को मितिमा साधारण सभा पुनः गराउनु पर्ने भएमा विनियम १६ को खण्ड (छ) वमोजिम कायम भएको शेयरवालालाई मात्र स्थगन भएको साधारण सभाले घोषणा गर्ने लाभांश/वोनश शेयर/हकप्रद शेयर आदि दिन संगठित संस्था मन्जूर गर्दछ ।

१३. अदालत वा अधिकार प्राप्त अधिकारीले साधारण सभा स्थगन गर्ने आदेश दिएको कारणवाट साधारण सभा हुने भनी तोकिएको मितिले दुई महिना भित्र साधारण सभा बस्न नसक्ने अवस्था भएमा स्थगन भएको साधारण सभामा घोषणा गर्न प्रस्ताव गरिएको लाभांशलाई अन्तरिम लाभांशको रुपमा वितरण गर्न संगठित संस्था मन्जूर गर्दछ ।

१४. वार्षिक साधारण सभा समाप्त भएको पन्ध्र दिन भित्रमा स्टक एक्सचेन्जले तोकेको विवरण सहित धितोपत्रवालाहरुको लगत स्टक एक्सचेन्जमा पेश गर्न संगठित संस्था मन्जूर गर्दछ ।

१५. संगठित संस्थाले लगातार दुई आर्थिक वर्षसम्म लेखा परिक्षण गराएको प्रतिवेदन स्टक एक्सचेन्जमा पेश नगरेमा त्यस्तो संगठित संस्थाको धितोपत्रको कारोबार स्टक एक्सचेन्जले स्थगन गर्न सक्नेछ र यसरी कारोबार स्थगन भएको ६ (छ) महिना भित्र लेखा परिक्षण सम्पन्न गरी सोको प्रतिवेदन धितोपत्र बजारमा पेश गर्न संगठित संस्था मन्जूर गर्दछ ।

१६. संगठित संस्थाको संचालक समितिले सार्वजनिक रुपमा धितोपत्र निष्काशन गरी पूँजी उठाउने निर्णय गरेमा त्यस्तो निर्णय भएको भोलिपल्ट स्टक एक्सचेन्जमा जानकारी पठाउन संगठित संस्था मन्जूर गर्दछ ।

१७. संगठित संस्थाले वार्षिक सूचिकरण नविकरण शूल्क प्रत्येक आ.व. को आश्विन मसान्त भित्र स्टक एक्सचेन्जमा बुझाउन मन्जूर गर्दछ ।

नेपाल स्टक एक्सचेन्ज लिमिटेडको तर्फबाट

दस्तखत :

नाम : श्री चन्द्र सिंह साउद

दर्जा : प्रमुख कार्यकारी अधिकृत

मिति : २०७४/१२/०४

राधी विद्युत कम्पनी लिमिटेडको तर्फबाट

दस्तखत :

नाम : श्री विनय कुमार भण्डारी

दर्जा : अध्यक्ष

मिति : २०७४/१२/०४

साक्षी :

१. (क) दस्तखत

(ख) नाम :

(ग) ठेगाना : नेपाल स्टक एक्स्चेन्ज लि.

२. (क) दस्तखत

(ख) नाम :

(ग) ठेगाना : नेपाल स्टक एक्स्चेन्ज लि.

साक्षी :

१. (क) दस्तखत

(ख) नाम : पूर्ण प्र. तिमल्सिना

(ग) ठेगाना :

२. (क) दस्तखत

(ख) नाम : प्रदिप कुमार खड्का

(ग) ठेगाना :